११२६।६३८

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. १८५/२०७०/०७१

निर्णय नं. ७३८

बाँके जिल्ला, नेपालगञ्ज उप महा.न.पा.वडा नं. १४ बस्ने अनिता खनाल ......................१ उजुरीकर्ता

विरूद्ध

कार्यालय प्रमुख, नेपालगञ्ज उप महा.नगरपालिका कार्यालय, बाँके ........ ......................१ विपक्षी
सूचना अधिकारी, नेपालगञ्ज उप महा.नगरपालिका कार्यालय, बाँके ..............................१

**विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।**

बाँके जिल्ला, नेपालगञ्ज उप महा.न.पा.वडा नं. १४ बस्ने अनिता खनालले नेपालगञ्ज उप महानगरपालिका कार्यालय, बाँके समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।११।१६ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७०।१२।०९ च.नं. ७५२ को पत्रद्वारा नेपालगञ्ज उप महा.नगरपालिका कार्यालय, बाँकेलाई सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात मिति २०७२।०६।१३ च.न..१६८ को पत्रद्वारा ताकेता गरिएको । प्रस्तुत सम्वन्धमा उक्त नेपालगञ्ज उप महा.नगरपालिका कार्यालय, बाँकेले मिति २०७२।०६।१९, च.नं. १५०५ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी सकिएको भनी आयोगलाई जानकारी गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल चैत्र ११ गते रोज ५ शुभम् ।